मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल

website : musikotmunrukum.gov.np
Email : ito.musikotmun@gmail.com
फोन नम्बर : 088530261, 088530372

प.स. २०७९/०८०
च.न. 583

मिति : २०७९।९।४

**विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री १४ वटै वडा कार्यालयहरु,
सबै शाखाहरु,
मुसिकोट नगरपालिका, रुकुम पश्चिम ।

प्रस्तुत विषयमा मुसिकोट नगर कार्यपालिकाको १३ औं र १४ औं बैठकबाट भएका निर्णयमध्ये वडा कार्यालय र शाखाहरुसंग सम्बन्धित तपसिलका निर्णयहरु कार्यान्वयन गर्न गराउनुहुन अनुरोध गरिन्छ ।

(बिनाराम खड्का)
नि.प्रमुख प्रशासकीय अधिकृत

**तपसिल**

१३ औं बैठक २०७९।७।२५ का निर्णयहरु

निर्णय नम्बर १, यस अघिको बैठकमा पेश भएका कार्यविधिहरुमध्ये एम्बुलेन्स संचालन कार्यविधि, अटो रिक्शा संचालन निर्देशिका, शव दाह संस्कारका लागि आर्थिक सहयोग संचालन कार्यविधि सम्बन्धमा पेश भएका सुझावहरुलाई समेटी परिमार्जन गर्नको लागि नगर प्रमुख महेन्द्र केसी, उपप्रमुख बिमलकुमार पुन, विधायन समिति संयोजक दशरथ केसी, ७ नम्वर वडा अध्यक्ष एक्कबहादुर पान्डे, प्रमुख प्रशासकीय अधिकृत बिनाराम खड्का रहेको समिति गठन गरी उक्त समितिबाट भएको परिमार्जन सहित अर्को बैठकबाट स्वीकृत गर्ने र परिमार्जनको लागि कार्यपालिका सदस्यहरुबाट लिखित मौखिक सुझाव उक्त समितिलाई उपलब्ध गराउने । साथै मुसिकोट नगरपालिका कर्मचारी कल्याण कोष कार्यविधि २०७९ थप अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरीयो ।

निर्णय नम्वर २, आव २०७९।०८० मा स्वीकृत वडा र नगरपालिका स्तरीय योजनाहरु कार्यान्वयन सम्बन्धमा तपसिलको कार्यतालिका अनुसार संचालन गर्ने ।

तपसिल

| सिन | क्रियाकलाप र समयावधि | नगर र वडा स्तरीय योजना | संघ र प्रदेश स्तरीय योजना | ठेक्का प्रक्रियाबाट संचालन गरिने योजना |
|---|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन | मंसिर १५ भित्र | मंसिर १५ भित्र | |
| २ | सर्भेक्षण, लागत अनुमान | मंसिर | मंसिर मसान्तसम्म | मंसिर मसान्तसम्म |

| सिन | क्रियाकलाप र समयावधि | नगर र वडा स्तरीय योजना | संघ र प्रदेश स्तरीय योजना | ठेक्का प्रक्रियाबाट संचालन गरिने योजना |
|---|---|---|---|---|
| | तयार | मसान्तसम्म | | |
| ३ | बोलपत्र डकुमेन्ट तयारी | - | - | मंसिर मसान्तसम्म |
| ४ | बोलपत्र आव्हान | - | - | मंसिर मसान्तसम्म |
| ५ | बोलपत्र मुल्याङ्कन | - | - | माघ १५ सम्म |
| ६ | ठेक्का डकुमेन्ट तयारी | - | - | माघ मसान्तसम्म |
| ७ | योजना सम्झौता | पौष २० भित्र | पौष मसान्तसम्म | माघ १५ गतेभित्र |
| ८ | योजना सम्पन्न | चैत्र मसान्तसम | बैशाख मसान्तसम्म | आषाढ पहिलो हप्ताभित्र |

नगर र वडा स्तरीय योजना मिति २०७९ चैत्र मसान्तसम्म सम्पन्न हुने नसकेमा उक्त योजनाहरुलाई रकमान्तर गरी अन्य योजनामा विनियोजन गरी कार्यान्वयन गरिनेछ ।

३, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सुर्खेतको च न ४९३ मिति २०७९ ६।१२ को पत्रानुसार तपसिल बमोजिम मानव अधिकार राष्ट्रिय कार्ययोजना स्थानीय तह समन्वय समिति गठन गर्ने निर्णय गरीयो ।

तपसिल

| | | |
|---|---|---|
| संयोजक | नगर प्रमुख | महेन्द्र केसी |
| सदस्य | उप प्रमुख | बिमल कुमार पुन |
| सदस्य | वडा सदस्यहरु | १४ वटै वडाका वडा अध्यक्षहरु |
| सदस्य | कानुन अधिकृत | ललित बुढामगर |
| सदस्य | | रमा गौतम |
| सदस्य | | उत्तर कुमार गौतम |
| सदस्य | | नरबहादुर नेपाली |
| सदस्य | स्थानीय तहको सुरक्षा निकाय कार्यालय प्रमुख | |
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत | बिनाराम खड्का |

४, ठूलो साइज र सानो साइजको स्काभेटरको भाडा दररेट सम्बन्धमा अब उप्रान्त हुने काममा जिल्ला दररेटमा नबढ्नेगरी घटाघटमा काम गर्नको लागि डोजर स्काभेटर संचालकबाट गोप्य शिलवन्दी दररेट माग गर्न सार्वजनिक सुचना प्रकाशन गरी जिल्ला दररेटमा बढी नहुनेगरी सबैभन्दा कम दररेट हाल्ने फर्मबाट कामकाजमा लगाउने निर्णय गरीयो ।

५, मुसिकोट नगरपालिका वडा नम्बर ४ शितलपोखरी पार्कमा शौचालय मर्मत र जनशक्ति व्यवस्था गरी संचालनमा ल्याउने र शौचालय मर्मतको लागि प्राविधिकबाट लागत अनुमान तयार गर्न लगाई आवश्यक बजेट आव २०७९।८० को बजेटबाट व्यवस्था गर्ने निर्णय गरीयो ।

६, बर्षाद्को कारण बिग्रीएका बाटाहरु मर्मत गर्दा विनियोजित बजेटबाट अपुग भएका वडा नम्बर १, ८, ९, १०, ११, १२, १३ र १४ का सहायक बाटाहरु यथासिघ्र रुपमा सम्पन्न गरी विनियोजित खर्चबाट अपुग भएको खर्च

भुक्तानी सम्बन्धमा प्राविधिक मुल्याङ्कन गर्न लगाई स्रोत पहिचान तथा आवश्यक निर्णयको लागि अर्को बैठकमा पेश गर्ने निर्णय गरीयो ।

७, सडक बत्ती सम्बन्धमा टेन्डर गर्दा बचेको रकमबाट खलंगाको बाँकी ठाउँ, सेरीगाउँ, शितलपोखरी, सल्ले, सोलाबाङ्गमा थप बत्ती व्यबस्था गर्नको लागि पुन: टेन्डर आव्हान गर्ने निर्णय गरीयो ।

८, मुसिकोट नगरपालिका वडा नम्वर ७ मा पार्क निर्माणको लागि भएको डिपिआरमा नसमेटिएका स्थानमा पार्क सम्बन्धी निर्माण कार्यहरु गर्ने ।

९, यस नगरपालिकाको वडा नम्वर ५ मा संचालन हुने प्रशिद्द डिग्रे शाइकुमारीको मेलाको लागि मिति २०७९।७।२२ मा दिइएको स्थानीय विदालाई अनुमोदन गरी आगामी दिनमा बार्षिक विदा सम्बन्धी चैत्र महिनाभित्र स्थानीय राजपत्र प्रकाशन गर्ने ।

१०, स्थानीय तहका लागि एकिकृत डिजिटल प्रोफाइल सम्बन्धमा बाँकी रहेको काम सम्पन्न गरी भुक्तानी हुन बाँकी रकम स्रोत खोजी भुक्तानी गर्ने ।

११, मुसिकोट नगरपालिकाका १४ वटै वडा कार्यालयहरुको इन्टरनेट खर्च र वडा नम्वर १० मा इन्टरनेट जडान वापतको रकम नगरपालिका तर्फ विनियोजित बजेटबाट भुक्तानी गर्ने र नपुग भएमा नपुग हुने रकम आव २०७९।०८० मा स्वीकृत बजेटबाट रकमान्तर गरी भुक्तानी गर्ने निर्णय गरीयो।

१२, मुसिकोट नगरपालिका वडा नम्वर १० मा दर्देनी झ्याङ्ग गाउँ जोर्ने झोलुङ्गे पुल निर्माणको लागि स्थानीय पुर्वाधार विभाग सस्पेन्सन ब्रिज डिभिजन श्रीमहल पुल्चोक ललितपुरमा माग गर्ने निर्णय गरीयो ।

१३, मुसिकोट नगरपालिका वडा नम्वर ९ र वडा नम्वर १० जोड्ने च्यानडांडा लिस्नाभिर झोलुङ्गे पुल निर्माणको लागि स्थानीय पुर्वाधार विभाग सस्पेन्सन ब्रिज डिभिजन श्रीमहल पुल्चोक ललितपुरमा माग गर्ने निर्णय गरीयो।

१४, मुसिकोट नगरपालिका वडा नम्वर १० दर्देनीमा विगतदेखि नै पटकपटक पहिरो जाने गरेको र २०७८ सालको भदौदेखि पुन सोही ठाउंमा पहिरो सक्रिय हुँदा दर्देनी वरीपरीका मानपुर साउनेपानी खर्सुपानी लगायतका मानववस्ती उच्च जोखिममा रहेकोको उक्त पहिरोको व्यवस्थापनको लागि श्री जलस्रोत तथा सिंचाई विभाग, जोखिमयुक्त पहिरो व्यवस्थापन आयोजना, श्रीमहल पुल्चोक ललितपुर आवश्यक सहयोगको लागि अनुरोध गर्ने निर्णय गरीयो ।

**१४ औं बैठक २०७९।८।२१ का वडा कार्यालय र शाखाहरुसंग सम्बन्धित निर्णयहरु**

१, मुसिकोट नगरपालिका भु-उपयोग कार्यविधि २०७९ मा व्यापक छलफल गरी आवश्यक सुधार सहित स्वीकृत गर्ने निर्णय गरियो ।

२, यस अघिको बैठकमा पेश भएका एम्बुलेन्स संचालन कार्यविधि २०७९, अटो रिक्शा संचालन निर्देशिका २०७९, शव दाह संस्कारका लागि आर्थिक सहयोग संचालन कार्यविधि २०७९ यस अघि गठन भएको कार्यदलको सुझाव सहित स्वीकृत गर्ने ।

३, फोहोर व्यवस्थापन सम्बन्धमा यस अघिको बैठकबाट गठन भएको कार्यदलबाट पेश भएको प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने र उक्त प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वय प्रक्रिया शुरु गर्ने ।

४, मुसिकोट नगरपालिका अन्तर्गतका वडा नम्वर ३, ५, ९, १४, ६ र ८ को खानेपानी योजनाको सम्बन्धमा एउटै योजना दुइवटा वडाहरुमा लेखी आएको हुँदा सो सम्बन्धमा सम्बन्धित निकायमा बुझी निर्देशन अनुसार गर्ने र निर्देशन प्राप्त नभएमा दुइवटा वडामा विनियोजित भएको १४ लाख रकमलाई दुइवटा वडामा प्रतिवडा ७।७ लाखका दरले बजेट बाँडफाँड गर्ने निर्णय गरीयो ।

५, मुसिकोट नगरपालिकाको राजश्वको क्षेत्र विस्तार गर्दै आ.व. २०७९।०८० को राजश्वको लक्ष्य पुरा गर्नको लागि समयमै संकलन गर्ने कार्यलाई कडाइपुर्वक कार्यान्वयन गर्नको लागि घुम्ती शिविर संचालन गर्ने। साथै समयमै राजश्व नबुझाउने वडा कार्यालयहरुले राजश्व बुझाएपछि मात्र नगरपालिकाबाट भुक्तानीको कार्यलाई अगाडी बढाउने निर्णय गरीयो।

६, मुसिकोट नगरपालिकाभित्र बसोबास गर्ने मानसिक रोगीहरुको स्वास्थ्य अवस्था सुधारकोको लागि मानसिक स्वास्थ्य तथा परामर्श सेवा र सकारात्मक चिन्तनको विकासको लागि मुसिकोट नगरपालिकाको आव २०७९।०८० बाट बजेट मध्याट बजेट व्यवस्था गरी कार्यक्रम संचालन गर्ने निर्णय गरीयो ।

७, मुसिकोट नगरपालिकाको आव २०७९।०८० स्वीकृत कार्यक्रम तथा बजेटतर्फ मुसिकोट नगरपालिका वडा नम्वर ११ मा विनियोजित भएका तपसिलका योजनाहरु वडा पालिकाको निर्णय सहित वडा कार्यालयको च न ४३१ मिति २०७९।८।२१ को रकमान्तर गरिदिनुहुन भन्ने व्यहोराको पत्रानुसार तपसिलका उल्लेखित योजनाहरु तपसिल बमोजिम रकमान्तर गर्ने निर्णय गरीयो ।

तपसिल

| सिन | हालको योजनाको शीर्षक | रकम रु | रकमान्तर गर्नुपर्ने शीर्षक | रकम रु |
|---|---|---|---|---|
| १ | तल्लो स्याबाङ्ग सामुदायिक भवन निर्माण टुनिचौर माइभगवती निर्माण तथा पाछिबाङ्ग ट्याङ्की निर्माण | ५०००००/- | साँखखोला दोभान लघु जलविधुतको नहर मर्मत | २०००००/- |
| | | | टुनिचौर माइभगवती मन्दिर निर्माण | ३०००००/- |
| २ | विपद् व्यवस्थापन | २००००/- | बर्षादको कारण बिग्रीएको वडाको सडक सरसफाई | २०००००/- |

***